बाइबलको अधिकार



पाष्टरीय तालीम पुस्तिका

३५

तालीम र वृद्धि

T&M ®


सुङ्गुरको मासु खान मनाही छ नी ।
आ... कुनै प्रकारको मासु खान सकिन्छ ।
बाजागाजा मजाले बजाएर पर मेश्वरको प्रशंसा गर्न भजन १५० ले हामीलाई सिकाउँछ ।
होइन, बाजागाजा बजाउनु त सांसारिकता हो नी ।

नयाँ विश्वासीलाई तुरन्तै बप्तिस्मा दिइन्छ ।
उसले ६ महिनाको कोर्स पूरा नगरुञ्जेल उसको बप्तिस्मा हुनसक्दैन ।
हामीले मण्डलीको तर्फबाट एक फूटबल टीम तयार पारेका छौं ।
एक सच्चा विश्वासीले फूटबल खेल्दैन ।

तपाईले भाषाहरुमा बोल्नैपर्छ ।
भाषाहरु यी दिनको निम्ति होइन ।
केवल एक अभिषिक्त पाष्टरले मात्र प्रभुभोज दिन सक्छ ।
कुनै पनि एल्डरले प्रभुभोज दिनसक्छ, तर उसले हरेकको निम्ति छुट्टाछुट्टै प्याला चलाउनुपर्छ ।

सेनाको नोकरी मनाही गरिएको छ !
हतियार चलाउने अधिकारीहरु परमेश्वरका सेवकहरु हुन् !
डाक्टरकहाँ जँचाउन जानु मनाही छ ।
कति अलमल्ल पार्ने कुराहरु !!!

यस अध्ययनमा परमेश्वरको आत्माले तपाईलाई अगुवाइ गरुन् भनी प्रार्थना गर्नोस्, ताकि तपाईले उहाँको वचन ठीकसंग व्याख्या गर्नसक्नुहुनेछ ।

कहिले-काहीँ पाष्टरहरु नै अलमल्ल परेको देखिन्छ । एउटाले एउटा कुरा भन्छ, अर्कोले अर्को कुरो भन्छ ।

अलमल्ल हटाउन, अनि खीष्टको आज्ञा पालन गर्न, हामीले उहाँका आज्ञाहरु सिक्नुपर्दछ । प्रभु येशूले यस्तो आज्ञा दिनुहुँदा उहाँसंग सारा अख्तियार भएको कुरा भन्नुभयो:

"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माका नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ ।"

(मत्ती २८:१८-२०)

अधिकार

येशू खीष्टको मण्डलीको जीवनलाई सिद्धान्त, अभ्यास र दैनिक जीवनमा अगुवाइ र निर्देशन गर्न तीन तहको अधिकार पाइन्छ ।

पहिलो तहको अधिकार

नयाँ करारमा उल्लेख गरिएका ईश्वरीय आज्ञाहरु पक्का अधिकारपूर्ण छन् । हामीले तिनलाई पालन गर्नैपर्छ । (मत्ती २८:१८-२०)

अधिकारको दोस्रो तह

प्रेरितीय अभ्यास: हामीले प्रेरितहरुको नमूना पछ्याउन सक्छौं (नयाँ करारमा उल्लेख भएका तर आज्ञाको रुपमा नदिइएका)।

अधिकारको तेस्रो तह

मानवी रीति र नियमहरु: हामीले यिनीहरुलाई तिनीहरुको उपयोकारिता हेरी अंगाल्न अथवा इन्कार गर्न पनि सक्छौं (यी सबै चाहिँ नयाँ करारमा उल्लेख भएका छैनन्)।

अधिकारका तीन तहहरु लेख्नोस्:

१. ईश्वरीय आ_____ (पक्का अधिकार)

२. प्रेरितीय अ_____ ।

३. मानवी री_____ ।

नयाँ करारका ईश्वरीय आज्ञाहरु, प्रेरितीय अभ्यास अनि मानवी रीति छुट्याउन सक्यौं भने धेरै विश्वासी र मण्डलीहरुबीच भएका समस्याहरु त्यसै समाधान हुनेथ्यो, अनि हामीलाई सबैभन्दा बढी खीष्टको आज्ञा पालन गर्न सहयोग मिल्दथ्यो । प्रायः जसो सम्पूर्ण विभाजन कुनै पनि विश्वासीले अरुहरुलाई दबाउने इच्छाले ल्याउँछ । उसले प्रेरितीय अभ्यास अथवा मानवी रीति तथा चलनलाई पक्का आज्ञाको रुपमा लिएर अति नै व्यवस्थावादी जस्तो भएर त्यसैमा जोड दिन थाल्दछ । यसले विभाजनहरु ल्याउँछ ।

तल दिइएका आज्ञाहरु कुन तहका आज्ञाहरु हुन् पत्ता लाउनोस् ।

पापबाट पश्चाताप के होः

☐ नयाँ करारको एक आज्ञा ।

☐ केवल प्रेरितीय अभ्यास ।

☐ मानवी रीति (बाइबलमा नभएको)।

परमेश्वरले हामीलाई पश्चाताप गर्न आज्ञा गर्नुहुन्छ ।
(मर्कूस १:१५)

बाइबलीय आज्ञाहरु स्पष्ट छन् । हामी यी सबलाई नयाँ कर ारमा छर्लङ्ग पाउनसक्छौं । यो मानवीय व्याख्याको कुरो होइन । यी आज्ञाहरु विश्वव्यापी छन् । सबै मण्डलीहरुका सबै विश्वासीहरुको निम्ति ।

पाष्टरहरु अथवा मिसनेरीहरुको अभिषेक हुन अघि उपवास बस्नुः

☐ एक ईश्वरीय आज्ञा ।

☐ प्रेरितीय अभ्यास ।

☐ केवल मानवी रीति ।

यो परमेश्वरको आज्ञा थिएन । यो ता प्रेरितीय मण्डलीहरुमा गरिने एक अभ्यास मात्र थियो (प्रेरित १३:३, १४:२३)। कतिले आज पनि पालन गर्दछन्, तर हामीले यसलाई जोड दिनको निम्ति कुनै अधिकार छैन । यो एक प्रेरितीय अभ्यास थियो, कुनै आज्ञा थिएन ।

प्रेरितीय अभ्यासहरुमा अरु पनि छन्– जस्तै, हात राखेर प्रार्थना गर्नु (१ तिमोथी ४:१४), विश्वासीहरुको घरमा प्रभुभोज मनाउनु (प्रेरित २:४६) अनि सबै थोक साझा हुनु (प्रेरित २:४४)। ती सबै असल छन्, तर यी सबै हामीले पालन गर्नै पर्ने गरी प्रभुले दिनुभएको आज्ञा होइनन् । हामी त हरेक कुराको निम्ति ईश्वरीय आज्ञामा भर पर्नुपर्दछ । अनुशासित भएर आज्ञाकारी बन्नको निम्ति ती आधारभूत आज्ञाहरु हुन् ।

प्रायश्चितका कामहरु गर्नुः (उदाहरणको निम्तिः तीर्थयात्रा गर्नु, अथवा सन्तहरुलाई प्रार्थना दोहोऱ्याएर भन्नु) ।

- ☐ प्रभुको एक आज्ञा ।
- ☐ प्रेरितीय अभ्यास ।
- ☐ केही मानिसहरुले मान्ने रीति ।

प्रायश्चितको निम्ति गरिने त्यस प्रकारका कामको निम्ति कुनै बाइबलीय आधार छैन । ती ता मानवी रीति अथवा चलन हुन् । कति मानवी रीतिहरु सकारात्मक छन्, कति नोक्सान पुऱ्याउने खालका छन् ।

नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु के होः

- ☐ प्रभुको आज्ञा ।
- ☐ केवल प्रेरितीय अभ्यास ।
- ☐ मानवी रीति ।

पश्चाताप गर्ने हरेक विश्वासीको बप्तिस्मा हुनुपर्छ भन्ने ख्रीष्टको महान आज्ञा छ (मत्ती २८:१८-२०)। यो परमेश्वरको आज्ञा हो ।

नयाँ विश्वासीलाई तुरन्त बप्तिस्मा दिनु के होः

- ☐ एक ईश्वरीय आज्ञा ।
- ☐ प्रेरितीय अभ्यास ।
- ☐ मानवी रीति ।

प्ररितहरुले सधैं तुरन्तै बप्तिस्मा दिने गर्थे (प्रेरित २:४१, इत्यादि)। यो प्रेरितीय अभ्यास हो तर आज्ञाको रुपमा दिइएको थिएन ।

कैयौं महिनाको बाइबल अध्ययन पश्चात बप्तिस्मा दिनु के होः

☐ प्रभुको आज्ञा ।

☐ प्रेरितीय अभ्यास ।

☐ मानवी रीति ।

कति मण्डलीहरुमा बप्तिस्मा दिनुभन्दा अघि लामो सिद्धान्त-कोर्स सिक्नुपर्ने चलन छ ।

परमेश्वर र छिमेकीलाई प्रेम गर्नुः

उत्तरः (मत्ती २२:३४-४०)

प्रभुभोज मनाउनुमा कुन तहको अधिकार छ ?

उत्तरः (लूका २२:१९)

खीष्टको सुसमाचार घोषणा गर्नुः

उत्तरः (मर्कूस १६:१५)

प्रार्थना गर्नुः

उत्तरः (लूका २१:३६)

शत्रुलाई प्रेम गर्नुः

उत्तरः (मत्ती ५:४४)

क्रूसको चिन्ह बनाउनुः

सन्तहरुलाई ममबत्ती बाल्नुः

पुल्पिटमा उभिँदा ज्याकेट र टाइ लाउनुः

उत्तरः क्रूसको चिन्ह बनाउनु, ममबत्ती बाल्नु, विशेष लुगा लाउनु वा नलाउनु, सबै मानवी रीति अथवा चलन हुन् । यिनमा बाइबलको कुनै अधिकार छैन ।

प्रभुको आज्ञामा चाहिँ सबै अधिकार छ । यो सर्वशक्तिमानको आज्ञा हो (हाम्रो होइन)। हामी प्रेममा यी आज्ञाहरु पालन गर्दछौं, व्यवस्था पालन गर्ने आत्मामा होइन । व्यवस्था पालन गर्नेले नियमहरु पालन गरेर परमेश्वरबाट अनुग्रहित हुन चाहन्छ । उसले परमेश्वरको नियमभन्दा उसको आफ्नै

नियमहरु स्थापित गर्दछ । आज्ञाकारिता त खीष्टको प्रेमको निम्ति हुनुपर्दछ । (यूहन्ना १४:१५, १ कोरन्थी १३:१)

कसले हामीलाई आज्ञाहरु दिनुहुन्छ ?

☐ पाष्टरले ।

☐ परमेश्वरले ।

केवल परमेश्वरमा उहाँको मण्डलीलाई आज्ञा गर्ने अधिकार छ । पाष्टरले त खीष्टको अधिकारमा रहेर मण्डलीलाई अगुवाइ गर्दछ, तर पाष्टरमा सबै विश्वासीहरुको लागि अबाइबलीय नियमहरु थोपर्ने अधिकार छैन ।

परमेश्वरबाट प्रेरणा पाएर, प्रेरितहरुले मण्डलीहरुलाई पत्र लेख्दा कतिपय आज्ञाहरु लेखे । यी आज्ञाहरुमा चाहिँ येशूको आज्ञामा झैं अधिकार छ, किनकि यिनीहरु पवित्र आत्माबाट प्रेरित भएका हुन् । (२ तिमोथी ३:१६)

परिस्थितिले समर्थन जनाउँछ भने, अभ्यासको लागि तिनीहरुको नमूना पछ्याउनु राम्रो हुन्छ, तर यो करमा लाउने कुरो होइन ।

खीष्टका आज्ञाहरुः

- ☐ यस्ता कुराहरु हुन् जसमा हामी प्रभुप्रति आज्ञाकारी हुनैपर्दछ ।
- ☐ यस्ता गौण कुराहरु हुन् जसलाई हामीले छोड्दा पनि हुन्छ ।

आज्ञाहरु पूरा गर्न हामी ढिल्याउनु हुँदैन भन्ने कुरामा हामी होशियारी हुनुपर्दछ । प्रभुले हामीबाट अति सरल र प्रत्यक्ष आज्ञाकारिता चाहनुहुन्छ । (यूहन्ना १४:२१)

प्रेरितीय अभ्यासः

(जस्तै विश्वासीहरुको घरहरुमा भेला हुनुः प्रेरित २:४६)

- ☐ मान्नै पर्ने हुन्छ ।
- ☐ हामीले यसलाई पन्छाउन सक्छौं ।
- ☐ यदि यो कामलाग्दो छ भने हामीले यसलाई पालन गर्नसक्छौं ।

हामीले मानिसहरुलाई यस्ता अधिकारहरु मान्नलाई कर लाउन सक्तैनौं, किनकि यी प्रभुका आज्ञाहरु होइनन् । साथै, प्रभुले बाइबलमा दिनुभएका नमूनाहरु पछ्याउनमा बाधा पनि हाल्न सक्तैनौं ।

मानवी रीतिहरु

- ☐ मान्नै पर्ने हुन्छन् ।
- ☐ हामीले यी मान्नको लागि आज्ञाकारी हुनुपर्ला ।
- ☐ यदि हाम्रो काममा बाधा पुऱ्याउँछ भने हामीले तिनीहरुलाई पन्छाउन पनि सक्तछौं ।

हामीले मानवी रीतिहरुलाई जोड दिनुहुन्न । यदि तिनीहरुले प्रभुको आज्ञाहरु पालन गर्न आज्ञाकारी हुनुमा बाधा पुऱ्याउँछ भने हामीले तिनीहरुलाई पन्छाउनै पर्छ (मत्ती १५:१-९)। कति अवस्थामा कति मानवी रीतिहरु कामलाग्दा हुन्छन्, अनि कति संघ-संस्था अथवा मण्डलीमा केही अधिकारयुक्त पनि हुनसक्छन् ।

उदाहरणको लागि, मानिलिउँ, कुनै मण्डलीका सदस्यहरुले हरेक आइतबारको बिहान ९ बजे प्रभुभोज मनाउने निर्णय लिए । यति भए पछि, बिहान ९ बजे भेला हुनु, त्यो मण्डलीका सदस्यहरुको निम्ति सबैले मिलेर मान्नुपर्ने एक रीति वा चलन भएर जान्छ ।

रीति अथवा चलनको अधिकार मण्डलीका सदस्यहरुको भलाइमा भर पर्दछ । एउटा मण्डलीको रीति अरु मण्डलीहरुमा लगाउन सकिन्न ।

मण्डलीका विश्वासीहरुमा केको वास्ता हुनुपर्दछ:

- ☐ तिनीहरुको आफ्नै मण्डलीको ।
- ☐ अरु मण्डलीहरुको ।

हामीहरुको आफ्नै मण्डलीका रीतिहरुको मूल्याङ्कन गरौं । हामी अरु मण्डलीहरुले मानिलिएका रीतिहरुको आलोचना नगरौं, नता तिनीहरुले हामीहरुको चलनलाई न्याय गरुन् ।

स्थानीय खाँचो अनि परिस्थिति अनुसार हरेक मण्डलीले पर मेश्वरको अघि रहेर आफ्नै नियमहरु बनाऊन् । इसाई एकता आत्माको हो, रीति वा चलनको एकरुपतामा होइन ।

प्रेरितहरुले लगातार आज्ञाकारितामा बाधा ल्याउने रीतिहरुको विरुद्ध संघर्ष गरे ।

कुन बेला हामीले मण्डलीको रीतिलाई जोड दिनुपर्ला अथवा मनाही गर्नुपर्ला ?

- ईश्वरीय आज्ञाहरु चाहिँ सधैं मान्नु पर्ने हुन्छ ।

- प्रेरितीय अभ्यासहरु मान्नैपर्छ भन्ने छैन नता मान्नलाई मनाही गरिएको छ (उचित अवस्थामा सुहाउँदिलो भए, तिनीहरुलाई अप्नाउन सकिन्छ)।

- रीति र चलनहरु मान्नै पर्छ भन्ने छैन । तिनीहरुले आज्ञा पालनमा बाधा पुऱ्याउँछ भने तिनलाई त्याग्नु पनि पर्छ ।

कुनै पनि मण्डली अधिकारका यी तीन तहद्वारा डोऱ्याइएको हुनुपर्छ। कुन तहलाई हामीले सधैं पालन गर्नैपर्छ ?

_____

यदि येशू ख्रीष्टको आज्ञा पालन गर्नमा बाधा पुऱ्याउँछ भने, कुन तहका "नियमहरु" पालन नगर्दा पनि हुन्छ ?

_____

कुन तहको अधिकारलाई नता हामीले मनाही गर्नसक्छौं, नता जोड दिन सक्छौं ?

_____

प्रेरितीय (अर्थात, नयाँ करारका) अभ्यासहरु जसबारे आज्ञा भएका थिएनन्। तिनीहरुलाई मनाही पनि गर्न सकिन्न नता तिनीहरुलाई व्यवस्था पालन गरे जस्तो गरी जोड दिनै पर्छ।

नयाँ करारमा आज्ञा गरिएका कतिपय कुराहरु हाम्रो निम्ति आज्ञाहरु होइनन् । उदाहरणको लागिः पावलले तिमोथीलाई उनको खाष्टो ल्याउनलाई अह्राए । (२ तिमोथी ४:१३)। यस प्रकारका आज्ञाहरु विश्वव्यापी आज्ञाहरु होइनन्, तर क्षणिक अथवा स्थानीय परिस्थितिमा आधारित कुराहरु हुन् ।

येशूले चेलाहरुको खुट्टा धुनुभयो अनि त्यसै गर्नलाई आज्ञा गर्नुभयो । यो खण्डको सन्दर्भ (यूहन्ना १३) ले के देखाउँछ भने खीष्टले नम्रतापूर्वक सेवा गर्न तिनीहरुलाई सिकाइरहनु भएको थियो । त्यस बेलाको चलन के थियो भने यात्राबाट आएका पाहुनाको खुट्टा अति नम्र चाकरले धोइदिनुपर्थ्यो । येशूको अभिरुची खुट्टा धुनुमा होइन, तर नम्रतापूर्वक सेवा गर्नुमा थियो ।

कसरी बाइबल पढ्नु

बाइबलको खण्ड राम्ररी बुझ्नु हो भने, हामीले उक्त खण्डले के भन्छ भनी राम्ररी अध्ययन गर्नुपर्छ, अनि हाम्रो आफ्नै धार णा पोख्नुहुन्न । उक्त खण्डले के भन्छ त्यसैमा हामीले बढो नम्रतापूर्वक हाम्रा विचारहरु समर्पण गर्नुपर्दछ ।

बाइबल अध्ययनमा हामी केद्वारा निष्कर्षमा पुग्छौं:

☐ हाम्रै धारणाहरुद्वारा ।

☐ हाम्रा अवलोकनहरुद्वारा ।

खण्डका विवरणमा मनन गरेर हामी अझ राम्रो अर्थमा पुग्नसक्छौं । हामीले हाम्रै धारणा अनुसार प्रचार गर्ने होइन, तर खण्डका शब्दहरु र अर्थको आधारमा प्रचार गर्नुपर्छ ।

बाइबलको खण्ड राम्ररी बुझ्नको लागि, हामीले विभिन्न विशेषताहरु पत्ता लाउनुपर्छ:

१. यसको लेखक को हो ?

२. यो घट्ना कहाँ भएको थियो ?

३. कहिले घटेको थियो ?

४. सन्दर्भ के हो (यसको अघि र पछि के हुन्छ, अनि यसको ऐतिहासिक सम्बन्ध के छ)?

५. को को सम्बन्धित छन् ?

६. कसले कोसित बोलेका हुन् ?

७. यो खण्डले के भन्दछ ? (हरेक खण्डलाई राम्ररी बिचार गर्नोस् । यो उखान हो कि, पालन गर्नुपर्ने आज्ञा, पछ्याउनु पर्ने नमूना, ऐतिहासिक पृष्ठभूमि भएको मानवी रीति, अथवा ऐतिहासिक घटना, इत्यादि ?)

८. आज यसको प्रयोग के छ ?

जब हामीले कुनै खण्डको व्याख्या गरिरहेका हुन्छौं, यही विषयमा बाइबलको अर्को खण्डले पनि भनिरहेको भए त्यो पत्ता लाउनु अति काम लाग्दो हुनेछ । (कहिले-काहिँ बाइबल आफैले यस विषयमा सहयोग पुऱ्याउँछ)।

उदाहरणको लागिः मत्ती २:६ पढ्नोस् । नेपाल बाइबल सोसाइटीद्वारा १९९७ मा प्रकाशित पवित्र बाइबलमा हेर्नुभयो भने तल पुछारमा "२:६ - मीका ५:२" लेखेको भेट्टाउनु हुनेछ ।

५. तिनीहरुले तिनलाई भने,
"यहूदियाको बेथलेहेममा । किनभने
अगमवक्ताले लेखेका छन्:"
६. "तर ए बेथलेहेम, यहूदा मुलुकको
गाउँ, तँ कुनै किसिमले यहूदाका
शासकहरुका बीचमा कुनैभन्दा पनि तुच्छ
छैनस्, किनकि तँबाट एउटा शासक
निस्किआउनेछन्, जसले मेरा मानिस
इस्राएलको हेरचाहा गर्नेछन् ।"
७. तब हेरोदले ती ज्योतिषीहरुलाई
गुप्तमा बोलाएर तारा कुन समय देखा
परेको हो, सो तिनीहरुबाट पत्ता लगाए ।

२:६ तुलना मीका ५:२



२:६ भन्नाले मत्तीको, अध्याय २, पद ६ ।
मीका ५:२ भन्नाले मीकाको अध्याय ५, पद २ ।

यसको अर्थ हो मत्ती २:६ ले भनेको त्यही विषयमा मीका ५:२ ले पनि बताउँछ ।

अध्ययनहरु

मत्ती ६:५-१५ अध्ययन गर्नोस् अनि यसको सन्दर्भलाई विशेष ध्यान दिनोस् । (यो खण्डभन्दा अघि अनि पछि के के छन्, अनि यसको ऐतिहासिक सन्दर्भ के छ ।)

कसलाई यो भनिएको हो ? (मत्ती ६:५) _____

कसले आज्ञा गरेका हुन् ? _____

आज हामी पुरानो करारका व्यवस्थाहरुलाई पछ्याउँदैनौं, नत्रभने शनिबारको दिन दाउरा बटुल्नेहरुलाई हामी ढुङ्गाले हानेर मार्नेथियौं, अनि आराधनाको बेला पशुबलि चढाउने थियौं । हामी नयाँ करारमा छौं, पुरानोमा होइन ।

कुनै खण्डलाई राम्ररी बुझ्नको निम्ति, अनि तिनीहरुको अन्तर -सम्बन्ध जान्नको निम्ति, तिनका विवरणहरुलाई राम्ररी मनन गर्नोस् । सबै विवरणलाई अर्थ दिने विषय खोज्नोस् (सारा पद्यांशलाई जोड्ने धागो खोज्नोस्)।

यो खण्डको केन्द्रीय विषय के हो ?

अधिकारको कुन तहमा यो खण्ड पर्न आउँछ ?

अब हामी खण्डको सन्दर्भलाई नजीकबाट हेर्नेछौं, यसको अघि र पछि के के आउँदो रहेछ ।

मत्ती ६:५-१५ भन्दा अघिको खण्डको विषय के छ ?

प्रार्थनाबारे सिकाइँदै गरेको यो शिक्षाको सन्दर्भ "असल कार्यहरु" मानिसहरुलाई देखाउनलाई नगर्नू (६:१-४) भन्ने हो । यसले भन्न चाहेको कुरो के हो भने, हाम्रो धर्मकर्मका कतिपय कुराहरु जस्तै दान दिनू, प्रार्थना र उपवास, इत्यादि परमेश्वर र हामीबीच मात्र हुनुपर्ने विषय हो ।

यही विषयसित अर्को कुन खण्डले बोलेको छ ? (तपाईले अरु कतिपय बाइबलहरुमा यही विषयमा दिइएका अरु पदहरु अथवा यही पदसितका अरु पदहरु भेट्टाउनसक्नुहुनेछ ।)

_____

याद गर्नोस्, यही खण्डको निम्ति अरु जानकारी दिइएको, अथवा उपशिर्षकमा बुझाइएको खण्डहरु पाउनुहुनेछ । कति बाइबलहरुले (विशेष गरी अंग्रेजीमा) उपशिर्षककै मुन्तिर सम्बन्धित खण्डको निम्ति बाइबल पदहरु दिइएका हुन्छन् ।

मर्कूस १४:४३-५२

यो खण्ड कसले लेख्यो ?

_____

के भयो ?

_____

योभन्दा अघि के भएको थियो ?

_____

_____

योभन्दा पछि के भयो ?

_____

_____

बाइबलका कुन अरु तीन खण्डहरुले त्यही घट्नाको बारेमा बताएका छन् ? (कति बाइबलहरुमा उपशिर्षक अन्तर्गत यी सुविधाहरु पाइन्छन् ।)

_____

_____

के यो खण्डले हामीलाई स्पष्ट आज्ञा दिन्छ ?

_____

यो खण्डमा उल्लेख गरिएका दुइ प्रमुख व्यक्तिहरु को को हुन् ?

_____

_____

जब यहूदा आइपुग्यो, येशू कोसित बोल्दैहुनुहुन्थ्यो ?

_____

यहूदासित लगभग कतिजना जति आए ? _____

तिनीहरुलाई कसले पठाएका थिए ?

_____

यहूदाले येशूलाई चिनाउने चाल के थियो ?

_____

येशूलाई चुम्बन गर्नुअघि यहूदाले उहाँलाई के भन्यो ?

_____

येशूका चेलाहरुमध्ये एक जनाले कसरी येशूको रक्षा गर्नु खोज्यो ?

_____

_____

_____

उहाँ पक्राउ पर्नु ता धर्मशास्त्र अनुसार नै हो भनेर उहाँले बुझाउनु भए पछि, येशूका चेलाहरुले के गरे ?

_____

_____

लूका २१:५-३८

को बोलेको थियो ? _____

यही भनाइ अरु कुन दुइ खण्डहरुमा हामी पाउँछौं ?

_____

_____

मूल रुपमा यो कसलाई भनिएको थियो ?

_____

उहाँले शिक्षा दिनुहुँदा कुन भवनको सन्दर्भ उहाँले व्यक्त गर्न खोज्नु भएको थियो ?

_____

येशूले यसको जवाफ दिनुअघि, कुन दुइ प्रश्नहरु उहाँको अघि तेर्साइएको थियो ? (मत्ती २४:३)

_____

_____

यस पृथ्वीमा येशूको सेवकाइको कुन अवस्थामा यो घटना घटेको थियो ?

_____

यो खण्डमा कुन आज्ञा विभिन्न रुपमा दोहोरिएका छन् ?

_____

_____

पद ७-८ अनुसार, कसले चाहिँ झूटा शिक्षकहरु भएर दाबी गर्नेछन् ?

_____

जब हामीले युद्धहरुको बारेमा सुन्नेछौ, किन हामी भयभीत हुनुपर्दैन (पद ९)?

_____

_____

कहिलेसम्ममा यरुशलेम अन्यजातिहरुद्वारा कब्जा हुनेछ ?

_____

प्रभुको आगमनअघि के चाहिँ तुरन्तै घट्नेछ ?

_____

_____

मानिसको पुत्र आइरहेको घट्नालाई कसरी मानिसहरुले हेर्नेछन् ?

_____

ख्रीष्टको दोस्रो आगमनअघि कस्ता चिन्हहरु देखिनेछन् ?

_____

_____

_____

_____

_____

_____

यदि तपाईले कुनै खण्ड राम्ररी बुझ्नु हुन्न भने, यसलाई प्रचार गरिहाल्ने काम नगर्नोस् । हामीले व्यक्तिगत धारणाहरु अथवा गलत शिक्षा प्रचार गर्नुहुन्न ।

सारांश जाँच

हरेक क्रियाकलापको छेऊमा यो एक “ईश्वरीय आज्ञा”, “प्रेरितीय अभ्यास”, अथवा “मानवी रीति” के हो, सो लेख्नोस् ।

१. पवित्र आत्माको शक्तिद्वारा ख्रीष्टको बारेमा साक्षी दिनु:

_____

उत्तर: (मत्ती २८:१८-२०, लूका २४:४६-४९)

२. शनिबारलाई विश्रामको दिनको रुपमा पालन गर्नु:

_____

उत्तर: एक चलन (पुरानो करारमा मात्र यो एक आज्ञा थियो: कलस्सी २:१३-१७)। नयाँ करारमा चाहिँ यो आज्ञाको रुपमा छैन ।

३. आइतबारलाई आराधना गर्ने दिनको रुपमा पालन गर्नु:

_____

उत्तरः (रोमी १४:५, प्रेरित २०:७)

४. मण्डलीका सेवाहरुमा संगीत बजाउन मनाही गर्नु:

_____

उत्तरः (भजन १५०)

५. कुनै मण्डलीमा अगुवाहरुलाई तालीम दिनु:

_____

_____

उत्तरः (२ तिमोथी २:२, तीतस १:५)

६. एल्डरहरुले बगालको हेरचाह गर्दछन्:

_____

_____

उत्तरः (प्रेरित २०:२८, १ पत्रुस ५:१-४)

७. बिरामीको लागि प्रार्थना गर्नु:

_____

उत्तरः (याकूब ५:१४)

८. विश्वासीहरुको घरहरुमा प्रभुभोज मनाउनु:

_____

उत्तरः (प्रेरित २:४६)

अभ्यासको काम

- इसाई जीवनमा यी तीन तहका अधिकारलाई राम्ररी चिन्न अनि प्रभुको आज्ञाप्रति पूर्ण आज्ञाकारी हुनको निम्ति मण्डली अथवा झुण्डका सदस्यहरुलाई सिकाउनोस् ।

- यदि तपाईको मण्डलीमा कसैले खीष्टको आज्ञा पालनमा बाधा पुऱ्याउने मानवी रीति अथवा चलनलाई प्रयोग गर्न चाहन्छ भने उसलाई सुधार्नोस् ।

- तपाईको मण्डलीले अझ समर्पित भएर पालन गर्नु पर्ने खीष्टका अथवा उहाँका प्रेरितहरुका आज्ञाहरु लेख्नोस्:

_____

_____

_____

- पुनरावलोकन "बाइबल कसरी अध्ययन गर्ने" (तह १)।



टिप्पणीहरु

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

035NP01A-01